# हिमाली गाउँपालिका

# गाउँकार्यपालिका कार्यालय

# धुलाचौर, बाजुरा

## _सामाजिक विकास समितिको आ.व २०७५/७६ को बार्षिक नीति तथा कार्यक्रम तजुर्माको प्रतिवेदन २०७५

# भूमिका

यस हिमाली गाँउपालिकाको सामावजिक विकासका कार्यक्रमलाई चुस्त, दुरुस्त र विश्वसनिय विकास र समृद्धिका लागि गाउँ कार्यपालिका कार्यसम्पादन नियमावली ,२०७४ बमोजिम **सामाजिक विकास समिती** गठन भएको हो ।

**पृष्ठभूमिः**

हिमाली गाउँपालिका नेपालकै दुर्गम बाजुरा जिल्ला पिछडिएको क्षेत्रमा अवस्थित स्थानीय तह भएको कुरा प्रष्ट छ । जिल्ला सदरमुकाम भन्दा अत्यन्तै टाढा रहेकाले यस क्षेत्रको आर्थिक, शैक्षिक, सामाजिक, साँस्कृतिक अवस्था दयनीय रहेको छ । देश विकास तथा मानव विकासको मेरुदण्ड मानिने शिक्षालाई सरोकारवाला सबैको ध्यान यस क्षेत्रको शैक्षिक सुधार तर्फ केन्द्रित हुने निति ल्याइनु पर्छ । सरोकारवाला शैक्षिक निकायहरु द्धारा शिक्षक तथा विद्यार्थीहरुको हाजिर लगायत विद्यालयको विविध पक्षको यथार्थ जानकारी लिन समय समयमा विभिन्न विद्यालयहरुको निरन्तर अनुगमन तथा मूल्यांकन गरी प्रत्येक विद्यालयगत रुपमा रेकर्ड राखी दण्ड र पुरस्कारको व्यवस्था गरिनुपर्छ ।

यस हिमाली गाउँपालिकामा ३ प्रतिशतका दरले सिकाइ उपलब्धी बृद्धि शैक्षिक प्रशासनमा देखिएको कमजोरी तथा नियमित शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्ने हेतुले यो प्रतिवेदन तयार पारिएको हो । यस प्रतिवेदनले हिमाली गाउँपालिकाको दिगो सामाजिक विकास लागि सहयोग पुर्याउनेछ भन्ने विश्वास लिएको छु ।

यस प्रतिवेदन तयार गर्न सहयोग गर्नुहुने तथा अमुल्य सुझाव र विचार प्रदान गर्नुहुने यस समितिका मान्य सदस्यहरू र शिक्षासँग सारोकारबाला र अन्य बुद्धिजिबी समाजसेबी लाई विशेष धन्यवाद दिन चाहन्छु ।

**शिक्षा तथा खेलकुद सम्वन्धि नीतिः**

- सम्पूर्ण विद्यालयहरुलाई अंग्रेजी माध्यममा सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।
- +२ र उच्च शिक्षामा विषयगत विशिष्टता कायम राख्नका लगि विद्यालय र क्याम्पस वीच समझदारी कायम राखिने छ ।
- यस क्षेत्र भित्रका शैक्षिक संस्थाहरुको गुणस्तर सुधारका कार्यक्रम संचालन गरिनेछ ।
- गा.पा. भित्र शिक्षा शाखा कार्यालय स्थापना गरि व्यवस्थित शिक्षा प्रणलीको विकास गरिनेछ ।
- हिमाली गाउँ पालिका भित्रका विद्यालयहरुको गुणस्तर वृद्धि गन तालिमको व्यवस्था, प्रतिस्पर्धाको वातावरण, पुरस्कार एवं दण्डको व्यवस्था गरिनेछ ।
- सामुदायिक विद्यालयहरुको समग्र व्यवस्थापनका लागि विशेष खालका कार्यक्रम संचालन गरिनेछ ।
- सवैका लागि र सभैका लागि शिक्षा भन्ने नारालाइ मूर्तरुप दिन विभिन्न कार्यक्रम संचालनका साथै बालमैत्री कक्षा शिइाण संचालन गरिनेछ ।
- कला र संस्कृतिको विवकास र संरक्षण गरिनेछ ।
- हिमाली गाउँपालिकाको परिक्षा प्रणालीमा एक एपता ल्याइनु पर्छ । जसबाट उत्कृष्ट विद्यालय तथा विद्यार्थीलाई पूरस्कृत गर्ने निती लिइनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयबाट एस.इ.इ उतिर्ण गर्ने दलित तथा विपन्न जेहेन्दार छात्रा-छात्रलाई प्राविधिक डिप्लो तह सम्मको अध्ययन गर्नको लागि आवश्यक छात्रवृतीको व्यवस्था गरिनु पर्नेछ ।
- शैक्षिक गुणस्तर वृद्धि गर्न विद्यार्थी शिक्षक अनुपात गणना गरी थप शिक्षक कर्मचारी नियुक्ति गरिने छ ।
- विद्यालय अनुगमनलाई प्रभावकारी गरिनु पर्नेछ ।
- विद्यालय स्तरिय, वडा स्तरिय तथा गा.पा. स्तरिय वौद्धिक, शारिरिक, ताथ अतिरिक्त क्रियाकलापलाई निरन्तरता दिइनेछ ।
- गा.पा. स्तरिय परिक्षालाई निरन्तरता दिइनेछ ।
- विद्यालयमा गरिने भैतिक निमार्ण तथा अन्य क्रियाकलापहरुलाई बालमैत्रि बनाइने छ ।
- विद्यालयका प्रअ. शिक्षक तथा विद्यालय सगँ सम्बन्धीत विभिन्न सरोकारवालाहरुलाई नेतृत्व तथा क्षमता विकास गराउने कार्यक्रम सञ्चालन गरिने छ ।
- गा.पा. स्तरिय खेलकुद मैदान निमार्ण गरिनु पर्नेछ ।
- शैक्षिक गुणस्तर वृद्धि गर्न विद्यार्थी, शिक्षक, अविभावक वा अन्य सरोकारवालालाई आमस्मीक तथा नियमित प्रोत्साहन गरिने कार्यक्रम लागु गरिने छ ।
- सामुदायिक तथा निजी विद्यालयहरु लाई शिक्षा ऐन तथा नियमावली बमोजिमको कानुनि प्रक्रिया अपुग भएका विद्यालयलाई खारिज गरिने छ ।

- गा.पा. भित्र कम्तीमा एक विद्यालय द्धारा प्राविधिक शिक्षा प्रदान गरिनेछ विद्यालयहरुमा विधुतिय हाजिरी गर्ने व्यवस्था गरिनेछ ।
- हिमाली गाउँपालिका वठा नं. ७ बाट क्रमश सम्पूर्ण
- गाउँपालिका स्तरमा खेल पूर्वाधार निमार्ण गर्न गाउँपालिका केन्द्र धुलाचौरमा रंगशाला निमार्ण कार्य प्रारम्भ गरीने छ । युवाहरुलाई खलेकूद प्रति आर्कर्षित गर्नकालागि गाउँपालिका स्तरमा गाउँपालिका अध्यक्ष कप आयोजना गरी खेलाडिहरुलाई आयोजना गरी खेलाडिहरुलाई सम्मान तथा प्रोतसाहनको कार्यक्रमहरु सञ्चालन गरि यसका लागि खेलकुद विकास कोष स्थापना गरिनेछ ।
- युवा स्वरोजगारका लागि आवश्यक नीति तथा कार्यक्रम तय गरिनुका साथै युवा मुखी क्रियाकलाप संचालन गरिनेछ ।

## विज्ञान तथा प्राविधिक सम्वन्धी नीति

- नयाँ प्राविधिक सम्बन्धी तालिम प्रदान गरिने कार्यक्रम लागु गरिनेछ ।
- आवश्यकता स्तरिकरण अध्ययन गरि गा.पा. भित्रका सरकारी संघ सस्थाहरुलाई विज्ञान प्राविधिक सम्वन्धी उपकरण प्रदान गरिनेछ । गुणस्तरिय सेवा प्रवाहमा जोड दिईनेछ ।

## स्वास्थ्य सम्वन्धी नीति

स्वास्थ्य र सरसफाई सम्बन्धि जनचेतना अभिवृद्धि गरी HIV/AIDS , लागू पदार्थ तथा दुर्व्यसनी नियन्त्रण र तिनको हेरचाहको लागि विभिन्न स्वास्थ्य संस्थाहरुको सहयोग, समन्वय र साझेदारी गर्ने नीति अवलम्बन गरिनेछ । जहाँका जनता स्वस्थ हुन्छन्, त्यस ठाउँको विकास छिटो हुन्छ भन्ने मान्यतालाई आत्मसात गर्दै यस क्षेत्रमा स्वास्थ्य सेवा अभिवृद्धि गर्नेतर्फ पहल गरिनेछ । गाउँपालिका क्षेत्रभित्रमा स्वास्थ्य चौकि २ वटा, वर्थिङ सेन्टर २ वटा मात्र भएकोमा यस क्षेत्रको प्रत्येक वडामा स्वास्थ्य चौकि स्थापना साथै केन्द्रमा सुविधा सम्पन्न अस्पताल निर्माण गर्नका लागि पहल गर्नुका साथै स्थास्थ्य कर्मीको बसाईलाई टिकाइराख्न उचित कार्यक्रमहरु सुरुवात गरिनेछ । नेपाल सरकारको नागरिक स्वास्थ्य विमा कार्यक्रम, म स्वस्थ मेरो गाउँपालिका स्वस्थ जस्ता कार्यक्रमहरुलाई अगाडि ल्याइनेछ । स्वास्थ कार्यालयको संरचना समेत यस कार्यालयमा आउने प्रतिवद्धता भइसकेकोले उक्त स्वास्थ्य कार्यालयमार्फत भएका सम्पुर्ण कार्यक्रमलाई अक्षरसः पालना गरिनेछ । गाउँपालिकालाई पुर्ण सरसफाईयुक्त बनाउनका साथै वाल मृत्युदर तथा मातृमृत्युदर घटाउन महिला स्वयंसेविकाहरु परिचालन गर्न थप पहल गरिनेछ । युवा युवतीहरुको लागि किशोर किशोरी मैत्री शिक्षा, यौन तथा एच.आइ.भि. एड्स शिक्षा, सरुवा तथा नसर्ने रोगहरुको नियन्त्रणका लागि प्रचारप्रसार लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- यस हिमाली गाउँपालिकामा १५ सैयाको अस्पताल स्थापनाको साथै प्रत्येक वडामा स्वास्थ्य चौकी स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।
- कुपोषण न्युनीकरण कार्यक्रमलाई नियमियतता दिइने छ ।
- पूर्ण खोप युक्त तथा पुर्ण सरसफाइ युक्त गाउँ पालिका बनाइने निति ल्याइने छ ।
- जिल्ला स्वास्थ्य कार्यलयको समन्वयमा नेपाल सरकारको नियमानुसार निरक्षर म. स्वा. स्वम. से. लाई व्यवस्थापन गरि साक्षर म. स्वा. स्वम. से. को व्यवस्था गरिने छ ।
- प्रत्येक बस्तीमा गाउँघर क्लीनिक स्थापना गर्ने निति ल्याइने छ ।
- विद्यालय स्वस्थ्य कार्यक्रम संचालन गरिने छ ।
- भि डि ओ एक्सरे मार्फत समुदायमा गर्भवती महिलालाई गर्भ चेकजाँज सुविधा प्रदान गरिने छ ।
- महामारी तथा अकस्मिक आइ पर्ने स्वास्थ्य समस्यालाई समाधान गरने निति ल्याइने छ ।
- यस गा.पा.को केन्द्रमा तत्कालका लागि उपचारात्मक सेवा सञ्चालन गर्नका लागि ल्याव सहितको जनशक्ति सामाग्री र भौतिक पूवाधारको व्यवस्थाका साथै स्वास्थ्यको पहुँचमा नभएका वडामा सामुदायिक स्वास्थ्य इकाइको व्यवस्था गरिने छ ।
- यस गा.पा. भित्रका सम्पूर्ण स्वास्थ्य संस्थामा औसधि र उपकरण को व्यवस्था गरिने छ ।

- विद्यालयमा प्राथमिक उपचारका लागि पहिलो सहयोग बाकस (First aid box) वितरण गर्ने नीतिको व्यवस्था गरिनेछ ।
- छाउपडि प्रथा अन्त्य गर्ने नीति ल्यइनेछ ।
- समय-समयमा घुम्ति स्वास्थ्य सेवा सञ्चालनमा ल्याइनेछ ।
- यस गा.पा.लाई फोहोर मूक्त गा.पा. वनाउने विभिन्न सरसफइ सम्वन्धी कार्यक्रम लागु गरिर्नेछ ।
- जनसङख्या नियन्त्रण तथा वातावरणीय संरक्षण गरिने कार्यक्रम लागु गरिनेछ ।

**लैंगिक समानता र सामाजिक समावेशीकरणसम्वन्धी नीति**

- लोपोन्मुख जातीहरु जनजाति तथा दलितहरुका लागि विशेष कार्यक्रम उपलब्ध गराईनेछ ।
- बालबालिकाको चौतर्फी विकासका लागि प्रतियोगितात्मक, मनोरञ्नात्मक र साकहिक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- कालमैत्री स्थानीय शासन अनुरुपमा विविध कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- भिन्न क्षमता भएका नागरिकका लागि विधिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- जातिय भेदभाव मुक्त गाउँपालिका बनाइनेछ ।
- आर्थिक उपार्जजन तथा जीवन स्तर उकास्नका लागि सीपमुलक तालिम र क्षमता विकासका क्रियाकलाप संचालन गर्नु पर्नेछ ।

**सरकारी तथा गैर सरकारी संघ संस्थासम्बन्धीः**

- यस हिमाली गा.पा.मा गै.स.स. वाट लागु गरिने सम्पूर्ण कार्यक्रमहरु सम्वन्धीत गै.स.स. संग समन्वय गरि एकद्धार प्रणाली मार्फत कार्यक्रम कार्यन्वयन गरिनेछ ।
- नयां संचालनमा आउने गै.स.स.ले कार्यक्रम लागु  गर्दा यस गा.पा.को पूर्ण स्वीकृति लिनुपर्ने नीति ल्याइनेछ ।

**<u>प्रतिवेदक</u>**

**संयोजक : रमेश वि.क.**

**सदस्य : जय वहादुर अधिकारी**

**सदस्य : पदमकला बुढथापा**

**सदस्य सचिव : विष्णुलाल पाण्डे**

**सामाजिक विकास समिति**